आज मिति २०८२ साल मंङ्सिर ७ गते आईतवारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई
३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई
४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ
६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल
७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री
८. कार्यपालिका सदस्य श्री मन कुमारी राई
९. कार्यपालिका सदस्य श्री सुजना वि.क.
१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.
११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल
१२. कार्यपालिका सदस्य श्री दिपक सुनार
१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी
१४. सदस्य-सचिव नि.प्रमुख प्रशासकीय अधिकृत श्री दुर्ग बहादुर राई

आमन्त्रित तथा सहयोगी

१. सूचना अधिकारी श्री डिल्लीमान राई
२. सह-लेखापाल श्री उत्तम आचार्य
३. कार्यालय सहयोगी श्री डम्बर कुमारी सुनुवार

प्रस्तावहरु-

१. मानिसको पहिलो पाठशाला आमाको गर्भ हो भन्ने विषयलाई नीतिगत निर्णय गर्ने सम्बन्धमा ।
२. सामुदायिक सहयोग कार्यक्रम सहजीकरण तथा व्यवस्थापन समिति गठन र योजना सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णयहरु-

**प्रस्ताव नम्बर १** माथि "मानिसको पहिलो पाठशाला आमाको गर्भ हो" भन्ने भनाइको वैज्ञानिक, मनोवैज्ञानिक, शैक्षिक तथा सामाजिक सत्यताका सम्बन्धमा व्यापक रुपमा छलफल गरियो। छलफलका क्रममा गर्भावस्थामै शिशुको मस्तिष्क विकास, संवेदनशीलता, ध्वनि ग्रहण क्षमता, भावनात्मक अनुभूति तथा व्यवहारिक आधार निर्माण हुने विषयमा आधुनिक चिकित्सा विज्ञान, मनोविज्ञान तथा बालविकाससम्बन्धी अध्ययनहरूले पुष्टि गरेको तथ्य बैठकमा अवगत गराइयो। गर्भावस्थामा आमाको पोषण, मानसिक अवस्था, बोली, व्यवहार, वातावरण र स्वास्थ्य अवस्थाले जन्मिने शिशुको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा दीर्घकालीन प्रभाव पार्ने तथ्यलाई आधार मानि "स्वस्थ आमा = स्वस्थ सन्तान = समृद्ध समाज" भन्ने अवधारणालाई स्थानीय विकासको आधार मानी दीर्घकालीन मानव विकास रणनीतिमा समेट्ने निर्णय गरियो।

उक्त छलफल तथा आधारहरूका आधारमा गाउँ कार्यपालिकाले सर्वसम्मतिले देहायबमोजिम नीतिगत निर्णय गरेको छ ।

- "मानिसको पहिलो पाठशाला आमाको गर्भ हो" भन्ने अवधारणालाई वैज्ञानिक, मनोवैज्ञानिक तथा शैक्षिक दृष्टिकोणबाट सत्य र आधारयुक्त मानी साकेला गाउँपालिकाको नीतिगत सिद्धान्तका रूपमा स्वीकार गर्ने।
- गर्भावस्थालाई बाल विकास र शिक्षाको प्रारम्भिक चरण मानी, गर्भवती महिला तथा भावी आमाहरूको स्वास्थ्य, पोषण, मानसिक सन्तुलन, सकारात्मक सोच र सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने।
- महिला, बालबालिका, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित स्थानीय नीति, योजना र कार्यक्रमहरूमा गर्भावस्था–केन्द्रित सचेतना, परामर्श तथा सहयोगात्मक कार्यक्रमहरू समावेश गर्ने।
- "स्वस्थ आमा = स्वस्थ सन्तान = समृद्ध समाज" भन्ने अवधारणालाई स्थानीय विकासको आधार मानी दीर्घकालीन मानव विकास रणनीतिमा समेट्ने।
- यस नीतिगत निर्णयको कार्यान्वयनका लागि स्वास्थ्य शाखा, शिक्षा शाखा तथा महिला/बालबालिका शाखालाई आवश्यक निर्देशन दिने।

**प्रस्ताव नम्बर २** माथि छलफल गर्दा एसजेविएन अरुण-३ जल विद्युत आयोजनाको दिदिङ-ढल्केबर-वथनाह ३०० केभी प्रशारण लाईन अन्तर्गत यस साकेला गाउँपालिकाको वडा नम्बर १, २, ४ र ५ को वडाहरुमा प्रभावित हुने भएको र उक्त कम्पनीद्वारा यस गाउँपालिकालाई प्राप्त हुने सामुदायिक सहयोग कार्यक्रम कार्यान्वयन गर्नको लागि अरुण-३ जलविद्युत परियोजनाकव ४०० केभी विद्युत प्रशारण लाईन अन्तर्गतको सामुदायिक सहयोग कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद-३ को दफा ३ र ४ बमोजिम समिति गठन र प्रशारण लाईन परियोजना प्रभावित क्षेत्रमा तपशिल बमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

सामुदायिक सहयोग कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु-

क. शिक्षा सम्बन्धी पूर्वाधारको विकाश
ख. स्थानीय स्वास्थ्य र सरसफाई सम्बन्धी पूर्वाधारको विकास
ग. खानेपानी सेवाको विस्तार तथा सुदृढीकरण
घ. सिंचाई लगायत सार्वजनिक पूर्वाधार विकास कार्यक्रम
ङ. स्थानीय तहको उत्पादकत्व वृद्धि तथा जीविकोपार्जन सुदृढिकरण सहयोग कार्यक्रम

सामुदायिक सहयोग कार्यक्रम सहजीकरण तथा व्यवस्थापन समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

रवि प्रकाश राई संयोजक गाउँपालिका अध्यक्ष

| | | |
|---|---|---|
| दुर्ग बहादुर राई | सदस्य | नि.प्रमुख प्रशासकीय अधिकृत |
| हेमन राई | सदस्य | वडा नम्बर १ अध्यक्ष |
| जितेन्द्र कुमार राई | सदस्य | वडा नम्बर २ अध्यक्ष |
| भिम बहादुर खड्का | सदस्य | वडा नम्बर ४ का.वा. अध्यक्ष |
| जीबन खत्री | सदस्य | वडा नम्बर ५ अध्यक्ष |
| परियोजना विकास कर्ताले तोकेको प्रतिनिधि | सदस्य | अरुण-३ जलविद्युत आयोजना |

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा निर्णय गर्नुपर्ने अन्य विषय नभएकाले गाउँपालिका अध्यक्ष ज्यूबाट आजको वैठक यही समापन गरियो ।

